# ‘भूतलाई अलमल्याउन’ हुम्लामा मनाइने अनौठो खालको चैतलो पर्व


NARJAN TAMANG

चैतेलोमा रमाइरहेका हुम्लाका महिलाहरू

**प्रकाश पन्त**
हुम्ला

१२ मार्च २०२३

**कर्णाली प्रदेशको हिमाली जिल्ला हुम्लामा "भूतलाई अलमल्याउन" चैतलो पर्व मनाउने अनौठो चलन छ।**

सदरमुकाम सिमकोट र ठेहे गाउँका खस समुदायले हरेक वर्ष फागुन महिनामा चैतलो मनाउँछन्।

विशेषगरी महिलाहरू पीताम्बर अर्थात् पहेँलो वस्त्र र थरीथरीका गरगहनामा सजिएर भुओखाडो (खेल्ने चौर) मा गएर चैतलो खेल्ने गर्छन्।

महिलाहरू चैतलो खेलिरहँदा थोत्रा कपडा लगाएका पुरुषहरू भने खरानी छर्कँदै "भूतलाई अलमल्याउने" भन्दै महिलाहरू चैतलो खेलिरहेको ठाउँ नजिकै मुखौटो लगाएर लाखे नाच्छन्।


यो पनि हेर्नुहोस्

**लामो समयदेखि बच्चा नजन्मिँदा राउटे समुदाय चिन्तित, कारण के हुनसक्छ?**

२८ जनवरी २०२३

**लोपोन्मुख राउटे समुदायमा देखिएको 'अनौठो' सङ्कट, समाधानको उपाय के**

२१ डिसेम्बर २०२२

**राउटे समुदाय नै 'लोप हुन सक्ने' त्यस्तो के सङ्कट आइपरेको हो?**

२३ नोभेम्बर २०२१


## नाच्ने तरिका

चैतेलो खेल्ने अर्थात् नाचगान गर्ने ठाउँलाई चौपाडी, सभाथाडो र भुओखाडो भनिन्छ।

उमेरअनुसार महिलाहरू जेठीबाट कान्छीसम्म गोलाकार लाइनमा उभिएर चैतलो खेल्ने गरेको स्थानीयवासी केशुकला रावत बताउँछिन्।

उनका अनुसार गोलाकार लाइनमा उभिएका महिलाहरूले नाचगान र भजन गाउने गर्छन्।

रावत भन्छिन्, "देवीदेवता र पञ्चभूत तत्त्वलाई खुशी पार्न माङ्गल, चाड्ची र आरती गाइन्छ भने रमाइलोका लागि चुड्किला भन्ने र देउडा खेल्ने पनि गरिन्छ।"

MAHESH BIKRAM SHAHI

> चैतेलोमा रममाइरहेका हुम्लाका महिलाहरू

## चैतलोको महत्त्व

सिमकोट र ठेहे गाउँका महिलाले दशैँ, तिहार र तीजलाई भन्दा पनि विशेष महत्त्व दिएर चैतलो मनाउँछन्।

“हाम्रा लागि तीजभन्दा पनि ठूलो चैतेलो पर्व हो,” सिमकोटकी बदुमा रोकाया भन्छिन्, “फरक शैलीमा सजिएर, मिठो मसिनो खाएर र एक आपसमा खुसी साटेर चैतेलो पर्व मनाउँछौँ।”

चैतलो खेलिसकेपछि सबै महिलाहरू गाउँलेका घरघरमा पुगेर आफ्ना मान्यजनलाई ढोग्छन् र उनीहरूबाट आशीर्वाद लिन्छन्।

तर आफन्तको निधन भएको वर्ष दिन पूरा नभएका घरका महिलाहरू भने चैतलो खेल्न जाँदैनन्।

चैतेलो पर्वका दिन कतिपयको मागी विवाह गर्ने चलन पनि रहको छ।

- छोरा जन्मिँदा हर्षबढाइँ गरिने कर्णालीमा छोरी जन्माउँदा किन विभेद?
- संस्कृति: धूमधामसँग 'छोरा तिहार' मनाउने डोल्पा र जुम्लाको अनौठो चलन

चैतलो खेल्ने महिलालाई आफन्त, छरछिमेक र इष्टमित्रले बोलाएर मिष्टान्न परिकारसमेत खुवाउने गर्छन्।

कतिपय भने वसन्त ऋतुलाई स्वागत गर्दै वर्षैंभरि राम्रो होस् भनेर यो पर्व मनाउने गरिएको बताउँछन्।

चैतलो पर्वमा छेलो फ्याँक्ने प्रतियोगिता पनि हुन्छन्।

छेलो जिल्नेलाई विशेष सम्मान गर्ने चलन रहेको सिमिकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले बताए।

चैतलो पर्वलाई गाउँलेहरूले आफन्तसँग भेटघाट गर्ने अवसरको रूपमा पनि लिन्छन्।

MAHESH BIKRAM SHAHI

## किंवदन्ती

स्थानीयवासी तीर्थराज रोकाय चैतलो खेलिरहेका महिलालाई भूतले "टिपेर लान्छ" भन्ने ठानिने र "महिलालाई जोगाउन" पुरुषले भूतलाई "अलमल्याउन" लाखे नाच्ने गरेको जनविश्वास रहेको बताउँछन्।

उनका भनाइमा त्यस क्षेत्रमा त्यस्तो खालको किंवदन्ती चर्चित रहेको छ।

उनले भने, "पुरुषले भूतलाई अलमल्याउँछन् र महिलाले ढुक्कसँग चैतलो नाच्छन् भन्ने मान्यता छ।"

सिमकोट गाउँपालिकाका अध्यक्ष भण्डारी पनि "भूतलाई भुलायो भने चैतलो खेल्ने महिलालाई भूतले लग्दैन" भन्ने विश्वास

गाउँलेमा रहेको बताउँछन्।

MAHESH BIKRAM SHAHI

## पर्व लोप हुने चिन्ता

आधुनिकताको प्रभावसँगै चैतलो पर्व लोप हुने हो कि भन्ने चिन्ता कतिपयले गर्न थालेका छन्।

मोबाइल, आधुनिक बाजा र गीतसङ्गीतले गर्दा चैतलोमा गाउने चुट्किला, फाग, डमरी, मङ्गलजस्ता गीत हराउन थालेको उनीहरू बताउँछन्।

- दशैँ: कर्णालीमा किन मान्यजनले पनि आफूभन्दा सानाको हातबाट टीका-जमरा लगाउँछन्
- कर्णाली: के बिहे गर्न जान लागेको छोरालाई आमाले साँच्चै स्तनपान गराउँछन्? कहाँ छ यस्तो चलन?

महिलाले लगाउने चाँदीका माला, चक्ररी, कल्लीजस्ता गहना र कपालमा बाटिने कौराको चलन पनि हराउन थालेको बूढापाका गुनासो गर्छन्।

### सम्बन्धित सामग्री

## मुख्य समाचार

**पाकिस्तानका पूर्व प्रधानमन्त्रीलाई पक्राउ गर्ने प्रयास तत्कालका लागि स्थगित**

१५ मार्च २०२३

**बिहीवार नेपालले युएईसँग जिते, हारे वा बराबरी खेले के हुन्छ?**

१५ मार्च २०२३

**विश्वासको मतपछि प्रधानमन्त्रीमा ‘आलोपालो-सम्झौता’**

१५ मार्च २०२३

## अनि यो पनि




उडिरहेको भारतीय विमानमा यात्रुको मृत्यु, पाकिस्तानमा आकस्मिक अवतरण

१४ मार्च २०२३

जब अमेरिकामा जङ्गली बिरालोको शरीरमा लागुपदार्थको अंश भेटियो

१४ मार्च २०२३

सुरक्षा लगानी बढाउँदै यूके, चीन र विश्व व्यवस्थाबारे चर्चा किन?

१४ मार्च २०२३

आफ्नै मान्यता 'कुल्चिएका' रामचन्द्र पौडेलको परीक्षा आरम्भ

१३ मार्च २०२३

भाइरसहरू कसरी प्रयोगशालाबाट चुहिएर बाहिरिन सक्छन्?

१३ मार्च २०२३

‘भूतलाई अलमल्याउन’ हुम्लामा मनाइने अनौठो खालको चैतलो पर्व

१२ मार्च २०२३

बीबीसीसँग सहमतिपछि ग्यारी लिनेकर प्रस्तोताका रूपमा फर्किने, के हो विवाद

१४ मार्च २०२३

के बच्चाले गर्भमा नै संस्कार सिक्न सक्छन्?

१२ मार्च २०२३

चीनका नयाँ प्रधानमन्त्री ली चियाङको पृष्ठभूमि कस्तो?

११ मार्च २०२३

## धेरै पढिएको

१ नेपालले बिहीवार यूएईसँग जिते, हारे वा बराबरी खेले के हुन्छ?

२ पाकिस्तानका पूर्व प्रधानमन्त्री खानलाई पक्राउ गर्ने प्रयास तत्कालका लागि स्थगित

३ उडिरहेको भारतीय विमानमा यात्रुको मृत्यु, पाकिस्तानमा आकस्मिक अवतरण

४ विश्वासको मतपछि प्रधानमन्त्रीमा ‘आलोपालो-सम्झौता’

५ अमेरिका, यूके र अस्ट्रेलिया परमाणु पनडुब्बी परियोजनामा सहमत



© 2023 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**